## सर्वोच्च अदालत, बृहद पूर्ण इजलास
## सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ
## माननीय न्यायाधीश श्री सुशीला कार्की
## माननीयन्यायाधीश श्री गोपाल पराजुली
## माननीय न्यायाधीश श्री दीपकराज जोशी
## माननीय न्यायधीश श्री गोविन्दकुमार उपाध्याय

## आदेश

०७१-WO-०६३१

विषयः- उत्प्रेषणयुक्त परमादेश

भक्तपुर जिल्ला, दुवाकोट गा.वि.स., वडा नं. २ हालको चाँगुनारायण नगरपालिका घर भई कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंमा थुनामा रहेका माधवराज घिमिरे-------------------------------------------------१ } **निवेदक**

**बिरुद्ध**

काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं -------------------------१
काठमाडौं जिल्ला अदालत, तहसील शाखा, बबरमहल, काठमाडौं ----------१
कारागार कार्यालय, डिल्लीबजार, काठमाडौं --------------------------------१ } **बिपक्षी**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

म निवेदक मिति २०७१/९/१३ गते आफ्नै घर भक्तपुर दुवाकोटमा बसी रहेको अवस्थामा जिल्ला अदालतका कर्मचारी हौं भन्ने केहि व्यक्तिहरुले तपाईका बिरुद्धमा दायर भएको ठगी मुद्दाबाट तपाईलाई जम्मा ३ बर्ष कैद र जम्मा रु. २,६३,८४८।- जरिवाना भई फैसला भएकोले तपाईलाई थुनामा राख्नको लागि लिन आएका हौं भनी जबरजस्ती रुपमा ब्लड प्रेसर र सुगरको बिरामी म निवेदकलाई स्वास्थ्यमा समेत गम्भिर असर पर्ने

गरी कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा लगे। मलाई के कुन मुद्दामा सजाय भएको हो, अदालतबाट भएको फैसलाको जानकारी, पुनरावेदन म्याद लगायतका कुनै पनि कुरा थाहा जानकारी गराएको छैन भनी मैले कर्मचारीहरुसंग भन्दा एक्कासी रुपमा कैद ठेकिएको पत्र थमाई कारागार चलान गरियो। सो पत्रमा उल्लेख भए बमोजिमको आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी मिति २०७१/१०/४ गते सारी हेर्दा सम्बत् २०५८ सालको स.फौ.नं. १४९ नि.नं. २८ को मुद्दामा कृष्ण प्रसाद देवकोटाको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी म निवेदक समेत भएकोमा मिति २०६१/५/१ गते मुद्दा फैसला हुँदा म निवेदकको नामको म्याद तामेल हुन नसकेको कारण तामेलीमा राखिदिने गरी फैसला भएको रहेछ। यसरी फैसला भएपछि पुनः आदेशानुसार मुद्दा तामेलीबाट जागी मेरो नाममा जारी भएको समाह्वानको म्याद मिति २०६३/९/१४ मा तामेल भएको र म्याद तामेल हुँदा पनि हाजिर हुन नआएको भनी मिति २०६५/१०/२३ गते फैसला भई अन्तिम भएको रहेछ। सो फैसलाले म निवेदकलाई कैद ३ बर्ष र जरिवाना रु. २,४१,७८५।- हुने ठहर भएको आधारमा मलाई पक्राउ गरी थुनामा राखिएको जानकारी हुन आयो। साथै स.फौ.नं. १५८८ मा रु. १०,५२४।- र स.फौ.नं. ११८७ मा रु. ११,५३९।- गरी जम्मा जरिवाना रु. २,६३,८४८।- भएको रहेछ।

म निवेदक तत्कालिन अवस्थामा सुनकोशी बहुउद्देश्यीय सहकारी संस्था लि. को साधारण सदस्य रहेको र तत्कालिन अध्यक्ष ताराकुमार खड्काको कार्य समिति भंग भई म निवेदक कार्यसमितिको अध्यक्ष भएकोमा केहि सयम मिति २०५७/११/२७ देखि १ महिना १५ दिन मलाई हृदयघात भई मैले कुनै काम गर्न नपाएको र नसकेको हुँदा राजिनामा दिएको थिएँ। पछि बनेको कार्यसमितिले नै सहकारीको पूर्ण जिम्मेवारी वहन गरेको हुँदा सोही अवस्थामा कृष्णप्रसाद देवकोटा समेतका व्यक्तिहरुले जम्मा गरेको रकम फिर्ता नदिई कार्यालय बन्द गरेको भनी म समेतका बिरुद्धमा जाहेरी दिएको आधारमा श्री काठमाडौं जिल्ला अदालतमा अभियोग पत्र दायर भई फरारी अभियुक्त बनाई मुद्दा चलाईएको रहेछ।

म निवेदकको घर सर्लाही भएतापनि हामी दाजुभाईहरुका बीचमा २०५४ सालमा अंशवण्डा भएको कारण म काठमाडौं आउँदा अन्य भाईको काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७ स्थित घरमा बस्ने गर्दथें। मुद्दाको कारवाहीको क्रममा मिति २०६१/५/१ गते पहिलो फैसला हुँदा मेरो नामको म्याद का.म.न.पा. वडा नं. ७ मा

तामेल हुन नसकेको तर म तथा मेरो परिवार काठमाडौंमा नै नबस्ने अवस्थामा पछि सोही घरदैलोमा वेरीतपूर्वक तामेल भएको छ। त्यसमा पनि प्रस्तुत सम्वत् २०६३/६४ सालको स.फौ.नं. १५८६ को ठगी मुद्दामा मेरो नाममा म्याद जारी नभई लगाउमा रहेको १५८७ र १५८८ को मुद्दामा म्याद जारी भई सोही आधारमा मिति २०६५/१०/२३ मा फैसला भएको छ। तत्कालिन समयमा मेरो नाममा म बस्दै आएको सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. मा कुनै म्याद तामेल भएको छैन। तर मेरो अंशवण्डा भईसकेको भाई बस्ने का.म.न.पा. वडा नं. ७ को घरमा म्याद तामेल हुनुले सोको जानकारी मलाई छैन। सुनकोशी बहुउद्देश्यीय सहकारी संस्थाको कार्यसमितिबाट राजिनामा दिएपछि परेको उजूरीको आधारमा मैले संस्थामा अनियमितता गरेको भन्ने अभियोग स्वतः गैरकानूनी भई वदरभागी छ। मैले प्रतिरक्षा गर्नको लागि मलाई कानून बमोजिम म्याद तामेल नभएकोले मेरो प्राकृतिक न्याय बमोजिम प्राप्त हकमा आघात परेको छ। यस तथ्यगत आधारलाई सम्मानित अदालतले गम्भिरतापूर्वक मनन् गरोस् भनी निवेदन गर्दछु।

म रिट निवेदकको नाममा जारी भएको समाह्वानको म्याद म निवेदक सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स., वडा नं. ८ मा बसेकोमा मेरो छुट्टी भिन्न भएको भाईको घरमा टाँस भएको कारण मैले थाहा पाउन सकिन। त्यसमा पनि स.फौ.नं. १५८६ मा म्यादै जारी भएको छैन। मुलुकी ऐन अ.बं. ११० नं. बमोजिम रितपूर्वक म्याद जारी नहुनुबाट मैले सूचना प्राप्त गर्न नसकेको कारण मुद्दामा प्रतिरक्षा गर्न तथा पुनरावेदन दर्ता गर्नबाट बञ्चित भएको छु। सुनुवाईको मौका नै नदिई फैसला भएको हुँदा उक्त फैसला प्राकृतिक न्याय, कानूनका मान्य सिद्धान्तको विपरित हुनुका साथै मौलिक हकमा समेत आघात भएको छ।

फैसलामा म रिट निवेदकले शुरु म्याद गुजारी बसी उपस्थित नै नभएकोले अदालती बन्दोबस्त महलको २०८ नं. बमोजिम पुनरावेदनको म्याद दिईरहनु पर्ने भनी मलाई पुनरावेदन गर्ने म्याद समेत प्रदान गरिएको छैन। मुलुकी ऐन अ.बं. १९३ अनुसार झगडीया हाजिर नरहेकोमा फैसला भएको तीन दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमिलाई यो यति सजायँ भएको छ भनी खुलाई सो झगडीयाको नाममा म्याद जारी गर्नुपर्छ भन्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको छ। उल्लेखित कानूनी व्यवस्थाको विपरीत मलाई कुनै किसिमको म्याद दिईएको छैन। शुरु म्याद कानून बमोजिम तामेल

नभएको अवस्थामा शुरु म्यादै गुजारेको भनी अर्थ गर्न मिल्ने होईन। वेरीतको म्यादबाट पक्षको हक जान नसक्ने हुँदा प्रत्यर्थिहरुको कार्य उत्प्रेषणको आदेशले वदर गरी पाउँ।

अतः म निवदेकलाई मु.ऐ. अ.बं. ११० नं. बमोजिमको प्रक्रिया पुरा गरी म्याद तामेल गरी प्रतिवाद एवं सुनुवाईको मौका दिनु पर्नेमा नदिई कैद तथा जरिवाना ठहर गरी फैसला भएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, धारा १३, धारा १९ र धारा २४ द्वारा प्रदत्त मौलिक तथा संवैधानिक हक एवं कानून प्रदत्त अन्य हक अधिकारमा प्रत्यक्ष आघात पर्न गई अन्याय भएको हुँदा काठमाडौं जिल्ला अदालतबाट फौं. नं. १५८७ र १५८८ मा मिति २०६३।९।१४ मा तामेल भएको म्याद, मिति २०६५/१०/२३ मा भएको फैसला र शुरु म्याद गुजारेको भनी पुनरावेदनको म्याद नै नदिएको कार्यसमेत उत्प्रेषणको आदेशले वदर गरी उक्त ठगी मुद्दामा म रिट निवेदकलाई कानून बमोजिमको म्याद दिई सुनुवाईको मौका प्रदान गरी प्रतिरक्षा गर्न मुद्दामा सामेल गर्नु गराउनु भन्ने परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ। साथै यो निवेदनको अन्तिम किनारा नलागेसम्म मिति २०६५/१०/२३ गतेको काठमाडौं जिल्ला अदालतको फैसला, विपक्षी तहसील शाखाबाट मिति २०७१/९/१३ मा कैद ठेकि कैदमा राख्न पठाईएको पत्र कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी गर्नु नपर्ने कानून बमोजिमको कारण भए आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु। साथै यी निवेदक थुनामा रहेको देखिएको र मुलुकी ऐन अ.बं. १९४ नं. बमोजिम सुविधा पाउन माग गरी दिएको निवेदन यस अदालतको वृहद् पूर्ण इजलासमा विचाराधिन रहेको देखिएकोले प्रस्तुत मुद्दामा उपस्थित रहेको प्रश्न उक्त मुद्दासंग पनि सम्बन्धित देखिएकोले प्रस्तुत मुद्दा पनि उक्त मुद्दा साथै राखी पेश गर्नू भन्ने यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०७२/३/१५ मा भएको आदेश।

रिट निवेदकलाई सम्मानीत काठमाडौं जिल्ला अदालत बबरमहलको च.नं. १६९३ मिति २०७१/९/१३ गतेको पत्र साथ मिति २०७१/९/१४ गते यस कारागारमा ठगी मुद्दामा थुनामा राख्न पठाईएको हुँदा नियमानुसार थुनामा राखिएको हो। रिट निवेदकले लिएको जिकिर अनुसार निवेदकलाई गैरकानूनी थुनामा नराखिएको हुँदा झुठा व्यहोरा उल्लेख गरी यस कार्यालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको कारागार कार्यालय, डिल्लीबजारको लिखित जवाफ।

दुर्गा बहादुर के.सी. को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी माधवराज घिमिरे समेत भएको सम्वत् २०६३ सालको स.फौ.नं. १५८८ को ठगी मुद्दा-१, रत्नकाजी महर्जनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक समेत भएको ठगी मुद्दा-१ र कृष्ण प्रसाद देवकोटाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक भएको ठगी मुद्दा-१ गरी जम्मा ३ थान मुद्दामा निज प्रतिवादी माधवराज घिमिरेलाई यस अदालतको मिति २०६५/१०/२३ को फैसलाले क्रमशः रु. १०,५२४।-, रु. ११,५३९।- र रु. २,४१,७८५।- जरिवाना तथा ३ बर्ष कैद ठहरी फैसला भए बमोजिम राखिएको उक्त कैद र जरिवानाको लगत कायम रही निज प्रतिवादी फरार रही रहेको अवस्थामा फैसला कार्यान्वयनका लागि यस अदालतबाट मिति २०७१/९/१३ गते यी निवेदकका नाममा जारी भएको पक्राउ पूर्जीका आधारमा यस अदालतको पूर्णकालिन दस्ता कार्य समुहले पक्राउ गरी प्रतिवेदन साथ यस अदालतमा पेश गरेको हो। फैसला बमोजिम निज प्रतिवादीलाई ठहरेको कैद ३ बर्ष र जरिवाना रु. २,६३,८४८।- वापत मिति २०७१/९/१३ गते कैद म्याद ठेकी कारागार कार्यालय डिल्लीबजार चलान गरी पठाएको हो। निज निवेदकलाई यस अदालतबाट स्वतन्त्रपूर्वक सोधनी हुँदा लगत बमोजिम कैद तथा जरिवाना बेरुजु कायम रहेको व्यक्ति मै हुँ। आज जरिवाना दाखिल गर्न सक्दिन सके पछि दाखिल गर्नेछु भनी खुसी राजी साथ कागज गरी सहिछाप गरेको अवस्था छ। अतः फरारी प्रतिवादीलाई फैसलाले लागेको कैद तथा जरिवाना असुल उपरको लागि कानून सम्मत तरिकाले पक्राउ गरी कैद म्याद ठेकी फैसला कार्यान्वयनको कार्य सम्पादन गरिएको र यस अदालतको कार्यबाट निवेदकको संवैधानिक तथा कानून प्रदत्त हकमा आघात नपुगेको हुँदा प्रस्तुत रिट खारेज गरीपाउँ भन्ने समेत व्यहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी रिट निवेदकतर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताहरु श्री बद्रीबहादुर कार्की, श्री हरिहर दहाल, श्री रामप्रसाद भण्डारी, श्री शम्भु थापा, श्री राघवलाल वैद्य एवं विद्वान अधिवक्ताहरु श्री कोपिलप्रसाद अधिकारी, श्री मेघराज पोखरेल, श्री विजय मिश्र र श्री इश्वर अधिकारीले निवेदक माधवराज घिमिरे उपर कृष्णप्रसाद देवकोटा समेतले सुनकोशी बहुउद्देश्यीय सहकारी संस्थामा जम्मा गरेको रकम फिर्ता नदिई सहकारी नै बन्द गरी ठगी गरेको भनी जाहेरी दिई काठमाडौं जिल्ला अदालतमा दायर भएको फौ.नं. १५८६ को मुद्दामा निवेदकका नाममा म्याद नै जारी नगरी सुनुवाईको मौका प्रदान नगरी कसुरदार ठहर गरी मिति २०६५/१०/२३ मा फैसला भएको छ। उक्त मुद्दाको फैसला गर्दा लगाउका फौ.नं. १५८७ र १५८८ को मुद्दामा जारी भएको तामेली म्यादलाई आधार लिईएको कार्य प्राकृतिक न्यायको सिद्वान्त प्रतिकूल छ। यी निवेदकका नामको म्याद निवेदक बसोबास गरेको वास्तविक वतन सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. मा जारी एवं तामेल नगरी काठमाडौं महानगरपालिका, वडा नं. ७ मा तामेल गरिएको कार्य कानून सम्मत छैन। कसूर ठहर गरेको उक्त फैसला उपर अ.बं. १९३ नं. बमोजिम पुनरावेदन म्याद समेत दिइएको छैन। विधिसम्मत प्रक्रिया अवलम्वन नगरी भएको फैसलाले ठहर गरेको कैद तथा जरिवाना असुल गर्न निवेदकलाई कैदमा राख्न पठाएको कार्य गैर कानूनी हुनुको साथै निवेदकको संविधान प्रदत्त मौलिक हक समेत हनन भएको छ। मिति २०६३/९/१४ को वेरीतको तामेली म्याद, काठमाडौं जिल्ला अदालतको मिति २०६५/१०/२३ को फैसला र सो बमोजिम भएका पत्राचार समेतका कार्य उत्प्रेषणको आदेशले वदर गरी उक्त मुद्दामा निवेदकलाई कानून बमोजिमको म्याद दिई सुनुवाईको मौका प्रदान गर्न परमादेशको आदेश जारी हुनुपर्दछ भनी वहस गर्नु भयो।

विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी र श्री संजिवराज रेग्मीले निवेदक सुनकोशी बहुउद्देश्यीय सहकारी संस्थाको संचालक भई उक्त सहकारीमा रकम जम्मा गर्ने व्यक्तिहरुको रकम फिर्ता नदिई सहकारी नै बन्द गरेको बिषयमा पर्न आएको ठगीको जाहेरीका आधारमा कानून सम्मत रुपमा मुद्दा दायर भएको छ। उक्त जाहेरी परेपछि यी निवेदक फरार भएका र निजको नाममा काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्याद निज बसोबास गरेको वतनमा मिति

२०६३/९/१४ मा रितपूर्वक तामेल भएको छ। ठगी मुद्दामा अनुसन्धानको क्रममा एवं अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रही फैसला हुँदा कैद तथा जरिवाना भए पश्चात् फैसला कार्यान्वयनको क्रममा पक्राउ परेपछि सुनुवाईको मौका नपाएको भन्ने निवेदन जिकिर कानून सम्मत छैन। अदालतबाट अन्तिम भई बसेको फैसलाको कार्यान्वयन गर्नु अदालतको दायित्व हो। फैसलाले ठहर गरेको कैद तथा जरिवाना वापत राखिएको लगत फछ्र्यौटको लागि पक्राउ पूर्जी दिई पक्राउ गरिएको र थुनुवा पूर्जी दिई कैदमा राख्न पठाएको कार्यले निवेदकको संविधान प्रदत्त मौलिक हकमा आघात भएको अवस्था नहुँदा प्रस्तुत रिट खारेज हुनुपर्दछ भनी बहस गर्नु भयो।

उल्लिखित बहस सुनी मिसिल समेत अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होईन भन्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखिन आयो।

निर्णयतर्फ बिचार गर्दा, निवेदकले प्रस्तुत रिट निवेदनमा निवेदक उपर काठमाडौं जिल्ला अदालतमा दायर भएको ०६३/०६४ सालको फौ.नं. १५८६ को ठगी मुद्दामा म्यादै जारी नगरी र फौ.नं. १५८७ र १५८८ मा निवेदकको बसोबास नभएको वतन उल्लेख गरी म्याद जारी गरी मुलुकी ऐन, अ.बं. ११० नं. को रीत नपुऱ्याई वेरीतपूर्वक म्याद तामेल गरी प्राकृतिक न्यायको सिद्वान्त अनुरुप सुनुवाईको मौका नै नदिई कैद र जरिवाना गरी फैसला भएको र सो उपर पुनरावेदन गर्ने म्याद समेत नदिएको साथै सोही फैसला कार्यान्वयनको लागि थुनामा राख्न पठाएको कार्यबाट संविधान प्रदत्त हकमा आघात भएकोले मिति २०६३/९/१४ को तामेली म्याद, सो आधारमा भएको फैसला र थुनामा राख्ने गरी भएका पत्राचार समेत उत्प्रेषणको आदेशले वदर गरी पुनः पुर्पक्षको मौका प्रदान गर्न परमादेश जारी गरी पाउँ भनी माग गरेको पाईन्छ। विपक्षी काठमाडौं जिल्ला अदालतको लिखित जवाफमा निवेदक उपर दायर भएको ठगी मुद्दामा निवेदकका नाममा जारी भएको म्याद रितपूर्वक तामेल गरेकोमा अदालतमा हाजिर हुन नआई म्याद गुजारी बसेको हुँदा कानून बमोजिम फैसला भई निजलाई फैसला अनुसार लागेको कैद र जरिवाना असूल उपरको लागि रितपूर्वक कैदी पूर्जी दिई कैदमा राख्न पठाएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने उल्लेख भएको पाईन्छ।

प्रस्तुत रिटमा निवेदकले मुलतः काठमाडौं जिल्ला अदालतमा निज निवेदक उपर दायर भएको ठगी मुद्दामा अदालतमा हाजिर हुने म्याद सूचना नै नपाई सुनुवाईको

मौकाबाट बञ्चित भएको भनी दावी गरेको देखिन्छ। यी रिट निवेदक माधवराज घिमिरेसमेत उपर जाहेरवाला कृष्णप्रसाद देवकोटा, दुर्गा बहादुर के.सी. र रत्नकाजी महर्जनले सुनकोशी बहुउद्देश्यीय सहकारी संस्थामा बचत गरेको रकम फिर्ता नदिई सहकारी कार्यालय नै बन्द गरी ठगी गरी हिंडेको भनी ठगी मुद्दाको जाहेरी दिई काठमाडौं जिल्ला अदालतमा ०६३/०६४ सालको फौ.नं. १५८६, १५८७ र १५८८ नं. को ठगी मुद्दा दायर भएको देखिन्छ। उक्त तीन वटै मुद्दामा प्रतिवादी बनाईएका यी निवेदक माधवराज घिमिरे अनुसन्धानको क्रममा फरार रही अदालतबाट म्याद जारी भएको देखिन्छ।

प्रस्तुत रिटमा निवेदकले निज उपर काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दा दायर हुँदाका बखत आफ्नो वतन सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स. रहेकोमा अंशवण्डा भई छुट्टी भिन्न भई सकेका भाईको घरलाई वतन कायम गरी म्याद जारी भएको कार्य नै त्रुटीपूर्ण रहेको भनी उल्लेख गरेको हुँदा तत्कालको समयमा निवेदकको वतन कुन हो भन्ने सम्बन्धमा विवाद रहेको पाईन्छ। कुनैपनि व्यक्तिको वतन कुन स्थानलाई मान्ने भन्ने सम्बन्धमा विचार गर्दा व्यक्तिको वतन निजको जन्म, घर जग्गा रहेको स्थान, कुनै उद्योग व्यवसाय गर्दा रहे बसेको स्थान आदि फरक फरक रहन सक्दछ। वतन स्थायी वा अस्थायी हुन सक्छ, व्यक्तिको वतन निज तत्काल बसोबास गरेको स्थानका आधारमा पनि निर्धारण गरिने बिषय हो। प्रस्तुत विवादमा निवेदक तत्काल काठमाडौंमा सुनकोशी बहुउद्देश्यीय सहकारी संस्था संचालन गरी आफ्नो पेशा वा व्यवसाय गरेको तथ्य निवेदकको निवेदन व्यहोरा तथा ठगी मुद्दाको मिसिल संलग्न उक्त सहकारीका कागजातहरुबाट देखिएको छ। काठमाडौंमा रहेको सहकारीको कार्यकारी अध्यक्ष तथा सदस्य भई व्यवसायमा संलग्न रहेको व्यक्ति काठमाडौंमा नै वतन कायम गरी बसोबास गरेको स्वभाविक अनुमान गर्नुपर्ने हुन्छ। त्यसमा पनि सबैभन्दा महत्वपूर्ण कुरा निवेदकले आफ्नो वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७ भनी उल्लेख गरी हस्ताक्षर गरेको मिसिल संलग्न सुनकोशी बहुउद्देश्यीय सहकारी संस्थाको संचालक समितिको गठन सम्बन्धी साधारण सभाको माइन्युटको प्रतिलिपीबाट देखिन्छ। प्रस्तुत रिट निवेदनको प्रकरण नं. ३ मा निवेदकले ***"म निवेदकको घर सर्लाही भएता पनि हामी दाजु भाईको २०५४ सालमा अंशवण्डा भएको कारण म काठमाडौं आउँदा भाईको काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ७ स्थित घरमा बस्ने गर्दथे"*** भनी उल्लेख गरेको समेतबाट

निज निवेदकको तत्कालको वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७ भएको देखियो। कुनैपनि व्यक्तिको वतन कायम हुन निज बसोबास गर्ने गरेको घर निजको नामको हो होईन भन्ने कुराले निर्धारित गर्ने नभई निजको बसोबासले निर्धारण गर्ने हुन्छ। निवेदकको तत्कालको वतन सहकारीको उल्लिखित माइन्युट र निवेदन व्यहोरा समेतबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७ पुष्टि भएको हुँदा आफ्नो वतन सर्लाहीमा म्याद जारी नभएको त्रुटीपूर्ण भन्ने निवेदन दावी औचित्यपूर्ण मान्न मिलेन।

कृष्ण प्रसाद देवकोटाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदक माधवराज घिमिरे समेत भएको फौ.नं. १५८६ को ठगी मुद्दामा निवेदकका नाममा म्याद तामेल नै नगरी सुनुवाईको मौका नदिई कैद र जरिवाना गरी फैसला गरिएको भनी निवेदकले दावी गरेको पाईन्छ। उक्त ठगी मुद्दामा निवेदकका नाममा म्याद जारी भई रितपूर्वक तामेल भए नभएको सम्बन्धमा हेर्दा निज निवेदकका नाममा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७ को निज बसोबास गरेको वतनमा म्याद जारी भई मिति २०५९/३/१८ मा तामेल भएको देखिन्छ। उक्त तामेली व्यहोरामा "***लेखिएको मानिसलाई लेखिएको वतनमा गई खोजतलास गर्दा निज र निजको घरद्वार मानिस समेत फेला नपरेकोले निजका नामको म्याद काठमाडौं महानगरपालिका वडा नं. ७ वडा कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ***" भनि उल्लेख गरिएको पाईन्छ। मुलुकी ऐन अ.बं. १२ नं. मा "***घरद्वारको पत्ता नभएको मानिसलाई समह्वान इतलायनामा म्याद सूचना जारी गर्नुपर्दा उसको गाउँ, शहर, टोल लेखिएको भए सोही ठाउँमा र गाउँ, शहर, टोल पनि पत्ता नलागेको भए अड्डाको नजिक सबैले देख्ने ठाउँमा टाँसी दिनुपर्छ***" भन्ने कानूनी व्यवस्था रहेको छ। प्रतिवादीका नाममा जारी भएको म्याद गलत वतनमा तामेल नभई प्रतिवादीको सम्बन्धित वतनमा तामेल भएको देखिन्छ। तामेली म्यादमा सम्बन्धित वतनका दुई जना व्यक्ति साक्षी राखिएको र सम्बन्धित वडाका वडा सचिव रोहवरमा रही वडा कार्यालयको छाप समेत लगाएको देखिदा रितपूर्वक तामेल भएको पाईन्छ। उक्त तामेली म्याद श्रेस्तेदार समक्ष पेश भई श्रेस्तेदारले प्रतिवादीको अर्को वतन छ, छैन सो सम्बन्धमा खुलाई पठाउन जिल्ला सरकारी वकिल कार्यालयलाई लेखि पठाई खुली आएको वतनमा पुनः म्याद जारी गर्ने भनी आदेश गरेको तर उक्त तामेली म्याद वदर गरेको भने देखिन्न। एकपटक रितपूर्वक तामेल भई आएको तामेली म्याद वदर नगरेसम्म सो

म्यादको कानूनी अस्तित्व रही रहने र सोही म्यादका आधारमा म्यादवालालाई सुनुवाइको मौका प्रदान भएको भनी मान्नुपर्ने हुन्छ।

श्रेस्तेदारको आदेशानुसार जिल्ला सरकारी वकिल कार्यालयबाट प्रतिवादीको वतन खुलाई आउँदा फरक वतन उल्लेख नभई अभियोग पत्र दायर गर्दाका वखतको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ७ भनी सोही वतन नै उल्लेख गरेको देखिन्छ। उक्त खुली आएको वतनमा म्याद जारी गर्न मिति २०६३/९/३ मा म्याद बुझी तामेलदार कर्मचारीबाट भरपाई गरी दिएको कागज मिसिल संलग्न भएपनि तामेली म्याद मिसिल संलग्न देखिँदैन। प्रतिवादीको वतनमा एकपटक रितपूर्वक म्याद तामेल भई तामेली म्याद मिसिल संलग्न भएकोमा उक्त म्याद वदर नगरी अर्को वतन भए खुलाउन स्रेस्तेदारले आदेश गरी अघि रितपूर्वक म्याद तामेल भएको वतन नै खुली आएको अवस्थामा पछिल्लो तामेली म्याद मिसिल संलग्न नहुँदैमा अघिल्लो तामेली म्याद अन्यथा नहुने हुँदा म्यादवालाले सुनुवाईको मौका नपाएको भन्न मिल्ने देखिएन।

रिट निवेदकले काठमाडौं जिल्ला अदालतबाट कसुरदार ठहर गरी फैसला गर्दा फौ.नं. १५८६, १५८७ र १५८८ तीनवटै मुद्दाम अ.बं. १९३ नं. बमोजिम पुनरावेदन म्याद समेत नदिएको कार्य कानून प्रतिकूल भनी उल्लेख गरेको पाईन्छ। यस सन्दर्भमा मुलुकी ऐन अ.बं. १९३ नं. को कानूनी व्यवस्था हेर्दा "*अड्डाबाट मुद्दा फैसला गरेपछि हाजिर रहेको झगडियालाई सो फैसला बाँची सुनाई पुनरावेदन लाग्ने वा नलाग्ने व्यहोरा र पुनरावेदन लाग्ने भए पुनरावेदन सुन्ने अड्डाको नाम समेत बताई निजबाट सुनी पाएको व्यहोराको कागज गराई राख्नु पर्छ। झगडिया हाजिर नरहेकोमा सो फैसला भएको तीन दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तिमीलाई यो यति सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए पुनरावेदन लाग्ने अड्डाको नाम समेत खुलाई सो झगडियाको नाममा म्याद जारी गर्नुपर्छ। पुनरावेदन लाग्ने मुद्दामा झगडिया रोहवरमा भै फैसला सुनेकोमा सो सुनेको मितिले र झगडिया रोहवरमा नभई म्याद जारी भएकोमा सो म्याद तामेल भएको मितिले पैतीस दिनभित्र झगडियाले चित्त नबुझेको कुरामा सो फैसला उपर पुनरावेदन दिन पाउँछ, सो म्याद नाघेपछि पुनरावेदन लाग्न सक्तैन*" भन्ने उल्लेख भएको पाईन्छ।

यस्तै मुलुकी ऐन अ.बं. २०८ नं. मा "*अड्डाबाट जारी भएको समाव्हान इतलायनामाको म्याद तारेखमा प्रतिवादी नदिई म्याद गुजारी बसेका झगडियाको ऐन बमोजिम एकतर्फी प्रमाण बुझी भएका फैसला उपर पुनरावेदन लाग्न सक्तैन। समाव्हान*

*इतलायनामा तामेल गर्दा यसै महलको ११० नम्बर बमोजिम रीत नपुर्‍याई तामेल गरेकोले थाहा पाउन नसकी प्रतिवादी दिन नपाई म्याद गुज्रेको भन्ने उजूरीसाथ फैसला भएको छ महिनाभित्रमा थाहा पाएको पैंतीस दिनभित्र झगडियाले प्रतिवादी लेखी दिन ल्यायो भने पहिले मिसिल सामेल रहेको तामेली समाव्हान हेरी रीतपूर्वक तामेल भएको देखिन आएन भने सोही व्यहोराको पर्चा लेखी प्रतिवादी दर्ता गरी ऐन बमोजिम बुझ्नु पर्ने प्रमाण बुझी मुद्दा फैसला गर्नु पर्छ। रीत पुगी तामेल भएको देखिएमा सोही व्यहोरा खोली उजूर लाग्न सक्तैन भनी दरपीठ गरी फिर्ता दिनुपर्छ"* भन्ने कानूनी व्यवस्था समेत भएको पाईन्छ।

उल्लेखित दुबै कानूनी व्यवस्था तल्लो अदालत वा मुद्दा हेर्ने अड्डाको फैसला उपर माथिल्लो अदालतमा पुनरावेदन गर्ने म्याद एवं मुद्दाको प्रक्रिया सम्बन्धी रहेको छ। दुबै कानूनी व्यवस्थालाई अध्ययन गर्दा अ.बं. १९३ नं. मा अड्डामा एक पटक हाजिर भइ प्रतिवाद गरेका वा सुनुवाईमा सहभागि भएका तर पछि सुनुवाई हुँदा वा फैसला हुँदाका दिन हाजिर नभएका मुद्दाका पक्षलाई पुनरावेदन म्याद दिनुपर्ने गरी कानूनी व्यवस्था गरेको पाइन्छ। अ. बं. २०८ ले अदालत वा मुद्दा हेर्ने अड्डाबाट जारी भएको समाव्हान इतलायनामाको म्याद तारेखमा प्रतिवाद नगरी शुरु म्यादै गुजारी बसेका कारण कानून बमोजिम एकतर्फी प्रमाण बुझी भएका फैसला उपर पुनरावेदन गर्न त्यस्ता मुद्दाका पक्षलाई पुनरावेदन म्याद दिनु नपर्ने स्पष्ट कानूनी व्यवस्था गरेको पाइन्छ। प्रस्तुत विवादमा यी निवेदकले ठगी मुद्दामा निजका नाममा तामेल भएको शुरु म्याद नै गुजारी बसेको देखिन्छ। अदालतमा हाजिर नभई म्याद गुजारी बसेका प्रतिवादीको नाममा अ.बं. २०८ नं. को कानूनी व्यवस्था अनुरुप पुनरावेदन म्याद जारी गर्नु नपर्ने हुँदा सोही आधारमा ठगी मुद्दामा प्रतिवादी रहेका यी निवेदकका नाममा पुनरावेदन म्याद नदिएको कार्यलाई कानून प्रतिकुल मान्न मिलेन। पुनरावेदन म्याद जारी नभएको अवस्थामा समेत ***फैसला भएको छ महिनाभित्रमा थाहा पाएको पैंतीस दिनभित्र*** निवेदन साथ अदालत प्रवेश गर्न उक्त २०८ नं. ले कानूनी म्याद तोकेकोमा यी निवेदक उक्त म्याद भित्र निवेदन लिई अदालत प्रवेश गर्न सकेको समेत देखिदैन। यसरी निवेदक साधारण अधिकारक्षेत्र अन्तर्गत कानूनले तोकेको प्रक्रिया बमोजिम अदालत प्रवेश नगरेको र जिल्ला अदालतले प्रतिवादीलाई कानून बमोजिम म्याद जारी गरी उक्त म्याद रितपूर्वक तामेल समेत भएको देखिँदा उचित कानूनी प्रक्रिया अनुरुप फैसला भएको अवस्थामा निवेदकको माग दावी औचित्यपूर्ण मान्न सकिएन।

प्रस्तुत रिट निवेदन साथ निवेदकले आफ्नो कमजोर स्वास्थ्य अवस्थाको कारण उल्लेख गरी मुलुकी ऐन, अ.बं. १९४ नं. को सुविधा दिई कैद जरिवाना वापत धरौटी लिई कैदबाट मुक्त गरी रिट निवेदन दर्ता गरी पाउँ भनी छुट्टै निवेदन समेत पेश गरेको पाईन्छ। उक्त निवेदनका सम्बन्धमा मुद्दा तथा रिट महाशाखाले अ.बं. १९४ नं. को सुविधा दिन मिल्ने नमिल्ने सम्बन्धमा यस अदालत पूर्ण इजलासको पूर्व आदेश समेतले द्धविधा भएकोले एकरुपता कायम गर्न वृहद् पूर्ण इजलासमा पेश गर्न टिप्पणी उठान गरी प्रधान न्यायाधीशबाट वृहद् पूर्ण इजलासमा पेश गर्ने आदेश भएको पाईन्छ। उक्त टिप्पणी ०७१-RE-०१६३ नं. मा दर्ता भई यस वृहद् पूर्ण इजलासमा पेश भएको र सोही प्रतिवेदन साथ प्रस्तुत रिट समेत साथै राखी हेर्ने आदेश भई प्रस्तुत रिट यस इजलास समक्ष पेश भएको पाईन्छ। अ.बं. १९४ नं. को कानूनी व्यवस्था र निवेदकले उक्त नं. को सुविधा प्राप्त गर्ने नगर्ने सम्बन्धमा सोही ०७१-RE-०१६३ नं. मा व्याख्या र विश्लेषण गरिएको हुँदा यहाँ उल्लेख गरिरहनु परेन।

यस अदालतको रिट सम्बन्धी अधिकार क्षेत्र असाधारण र बिशेषाधिकारयुक्त अधिकार क्षेत्रको बिषय हो। नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) मा "***यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ***" भन्ने संवैधानिक व्यवस्था रहेको छ।

त्यस्तै वर्तमान नेपालको संविधानको धारा १३३(२) मा समेत "***संविधानद्वारा प्रदत्त मौलिक हकको चलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचार को व्यवस्था भए पनि त्यस्तो अपर्याप्त प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार***

*प्रदान गर्ने, त्यस्तो हकको चलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ"* भन्ने व्यवस्था रहेको र धारा उपधारा (३) मा *उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दिप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ"* भन्ने संवैधानिक व्यवस्था रहेको छ।

यसबाट संविधान प्रदत्त मौलिक हकमा कानून प्रतिकूल रुपमा आघात हुन गएमा वा कुनै निकायले सारवान तथा कार्यविधि कानूनको त्रुटी गरी गरेका काम कारवाही वा निर्णयबाट कसैको संवैधानिक वा कानून प्रदत्त हकमा गैरकानूनी रुपमा आघात हुन गएको भनी दायर हुन आएको रिट निवेदनमा सुनुवाई गर्दा निवेदन माग दावी साँचो देखिएमा अन्तरिम एवम् अन्तिम आदेश गर्दा उचित उपचार तथा पूर्ण न्याय प्रदान गर्न यस अदालत सक्षम रहेको छ। असाधारण अधिकार क्षेत्र अन्तरगत निवेदन पर्न आएमा कारवाहीको सिलसिलामा वा अन्तिम निर्णयद्वारा अदालतले उपयुक्त आदेश दिई उचित र पर्याप्त उपचार दिने हुँदा सो रोहमा दिने उपचारको विशिष्ठ स्थान रहने हुन्छ। संविधान बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र गुहारी पर्न आउने निवेदनहरुको सन्दर्भमा तत् सम्बन्धी कानून कै प्रक्रिया अपनाई कारवाही गर्नुपर्ने हुन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकले उठान गरेको ठगी मुद्दामा सुनुवाईको मौका नै प्राप्त नभएको भन्ने विवाद माथि गरिएको विवेचनाबाट सत्य नभई निवेदकले सुनुवाईको मौका प्राप्त गरेको देखिएको हुँदा निवेदन दावी अनुसार निजलाई पुनः सुनुवाईको मौका प्रदान गर्नु भन्ने आदेश जारी गर्नुपर्ने अवस्था देखिँदैन।

यसरी निवेदकले गैर कानूनी रुपमा थुनामा राखिएको भनी थुनाबाट मुक्त गर्न आदेश जारी गरी पाउँ भनी माग गरेको सम्बन्धमा बिचार गर्दा निवेदक ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसलाबाट कसूरदार ठहर भई ३ बर्ष कैद र रु. २,६३,८४८।- जरिवाना भएको देखिन्छ। उक्त फैसला अन्तिम भई बसेको र फैसला अनुसारको कैद तथा जरिवानाको लगत फछ्र्यौट हुन बाँकी भएको हुँदा सोही लगत फछ्यौंटको लागि पक्राउ गरी काठमाडौं जिल्ला अदालत तहसील शाखाबाट कैदी पूर्जी समेत दिई कैदमा राख्न पठाएको पाईन्छ। माथि गरिएको विवेचना अनुरुप काठमाडौं जिल्ला अदालतको फैसलामा कार्यविधिगत त्रुटी भएको देखिएन। अदालतबाट कानून सम्मत रुपमा अन्तिम भई रहेको फैसला शून्यको स्थितिमा रहन सक्दैन। अन्तिम भई

रहेको आफ्नो फैसलाको कार्यान्वयन गर्नु अदालत स्वयंको दायित्व हुने हुँदा फैसला कार्यान्वयनको क्रममा निवेदकका नाममा कायम रहेको लगत अनुरुपको कैद र जरिवाना असुलीको लागि कैदी पूर्जी दिई कैदमा राख्न पठाएको कार्यले निवेदकको संविधान प्रदत्त हकमा आघात भएको मान्न नमिल्ने हुँदा निवेदकको दावीसंग सहमत हुन सकिएन।

तसर्थ माथि गरिएको विवेचनाबाट निवेदन माग बमोजिम काठमाडौं जिल्ला अदालतको मिति २०६५/१०/२३ को फैसला र सो फैसला कार्यान्वयनको क्रममा भएका काम कारवाहीहरु उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने अवस्था नभएको र निवेदकलाई म्याद दिई मुद्दामा सामेल गराउनु भनी परमादेश जारी हुने अवस्था समेत नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिटको दायरी तर्फको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु।

प्रधान न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

न्यायाधीश न्यायाधीश न्यायाधीश

**<u>माननीय न्यायाधीश श्री गोपाल पराजुलीको छुट्टै रायः</u>-**

प्रस्तुत रिट निवेदनमा निवेदकले निज उपर काठमाडौं जिल्ला अदालतमा दायर फौ.नं. १५८७ र १५८८ को ठगी मुद्दामा आँफू बसोबास नगरेको वतनमा म्याद जारी गरी वेरित पूर्वक तामेल गरेको र फौ.नं. १५८६ मा म्याद नै जारी नगरी सुनुवाईको मौका समेत नदिई कैद र जरिवाना हुने गरी मिति २०६५/१०/२३ मा फैसला गरी थुनामा राख्न पठाएको हुँदा वेरितको म्याद, सो म्यादका आधारमा भएको फैसला र फैसला कार्यान्वयन सम्बन्धी कारवाही उत्प्रेषणको आदेशले वदर गरी पाउँ भनी माग गरेको पाईन्छ। निवेदकले आफ्नो वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका

वडा नं. ७ नभई सर्लाही भक्तिपुर गा.वि.स. हो भनी निवेदन दावी गरे तापनि निजले सुनकोशी बहुउदेश्यीय सहकारी संस्थाको साधारण सभाको बैठकको माइन्युटमा आफ्नो वतन काठमाडौं महानगरपालिका वडा नं. ७ भनी उल्लेख गरी हस्ताक्षर समेत गरेको र प्रस्तुत रिटको प्रकरण नं. ३ मा काठमाडौं आउँदा काठमाडौं महानगरपालिका वडा नं. ७ मा रहेको भाईको घरमा बस्दथें भनी स्वीकारसम्म गरेको र सो वतनमा निजको नामको म्याद तामेल भएको भन्ने भए पनि तामेली म्याद मिसिल सामेल नरहेको तथ्यमा विवाद देखिएन।

अब काठमाडौं जिल्ला अदालतमा यी निवेदक उपर दायर भएका ठगी मुद्दामा निवेदकको नाममा म्याद जारी गरी रितपूर्वक तामेल भए नभएको र निवेदकले सुनुवाईको मौका प्राप्त गरे नगरेको सम्बन्धमा विचार गर्दा निवेदक उपर फौ.नं. १५८६, १५८७ र १५८८ का तीन थान ठगी मुद्दा दायर भएको देखिन्छ। ती सबै मुद्दामा प्रतिवादी माधवराज घिमिरे फरार भई अदालतबाटै म्याद जारी गरी पाउँ भनी अभियोग पत्रमा माग गरेको पाईन्छ। यी निवेदक उपर काठमाडौं जिल्ला अदालतको आदेशानुसार जारी भएको समह्वान म्याद मिति २०५९/३/१८ मा तामेल भएको पाईन्छ। तामेली व्यहोरामा "***यसमा लेखिएका मानिसलाई लेखिएको वतनमा गई खोजतलास गर्दा निज र निजको घरद्वार मानिस समेत फेला नपरेकोले निजका नामको म्याद काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी दिएको छ***" भन्ने उल्लेख गरेको देखिन्छ। उक्त म्याद श्रेस्तेदार समक्ष पेश हुँदा "***प्रतिवादीको नामको म्याद बेपत्ते बेहोराबाट तामेल गरेको देखिँदा निज प्रतिवादीको अर्को वतन छ छैन सो सम्बन्धमा खुलाई पठाउनको लागि जिल्ला सरकारी वकिल कार्यालयलाई लेखी पठाई अर्को वतन खुली आएपछि पुनः ३० दिने समाह्वान म्याद जारी गरी हाजिर भएपछि वा अवधि नाघेपछि पेश गर्नु***" भनी मिति २०५९/५/२४ मा आदेश गरेको पाईन्छ। तर, उक्त आदेश अनुसार यी निवेदकका नाममा जारी भएको तामेली म्याद मिसिल संलग्न रहेको देखिँदैन। यी प्रतिवादी माधवराज घिमिरे समेतका हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९(क)(४) बमोजिम वतन स्पष्ट खुलाई मुद्दामा कारवाही गरी पाउँ भनी जिल्ला सरकारी वकिल कार्यालयबाट निवेदन पर्न आएमा तामेलीबाट जगाई कारवाही गर्ने गरी मिति २०६५/५/1 मा मुद्दा तामेलीमा राखेको देखिन आयो।

उल्लेखित ३ वटै ठगी मुद्दामा प्रतिवादीको वतन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको च.नं. १८५५ मिति २०६३/८/८ को पत्रमा खुलाई आउनुका साथै जाहेरवाला पक्षको निवेदनबाट समेत खुली आएको भनी मिति २०६३/८/१० मा मुद्दा तामेलीबाट जगाएको पाईन्छ। प्रतिवादीको खुली आएको वतनमा म्याद काटी तामेलको लागि फौ.नं. १५८६, १५८७ र १५८८ का तीनवटै मुद्दामा प्रतिवादी अर्थात यी निवेदक माधवराज घिमिरेका नामको समह्वान म्याद मिति २०६३/९/३ मा तामेल गर्ने कर्मचारीले बुझी गरिदिएको भर्पाई मिसिल संलग्न रहेको देखिन्छ। फौ.नं. १५८७ र १५८८ मा प्रतिवादीको नाममा जारी भएको म्याद मिति २०६३/०९/१४ गते तामेल भएको तामेली प्रति मिसिल संलग्न देखिन्छ भने प्रस्तुत रिट निवेदनसंग सम्बन्धित फौ.नं. १५८६ मा उक्त तामेली म्याद मिसिल संलग्न रहेको देखिन्न। उक्त म्याद तामेली गरी अदालतमा फिर्ता प्राप्त भए नभएको स्पष्ट हुन तामेली रजिष्ट्रर हेरी सम्बन्धित कर्मचारी बुझी यथार्थ विवरण सहितको प्रतिवेदन पेश गर्नु भनी यस अदालतबाट मिति २०७१/११/१४ मा आदेश भएकोमा काठमाडौं जिल्ला अदालतबाट आ.व. २०६३/०६४ को तामेली दर्ता रजिष्ट्रर फेला पार्न नसकिएको र उक्त म्याद बुझेको भर्पाई गर्ने तामेल्दार कर्मचारी बालगोबिन्द महर्जनले सेवाबाट अवकास प्राप्त गरी निजसंग सम्पर्क कायम गर्न नसकिएको व्यहोरा उल्लेख गरी म्याद तामेली शाखाका शाखा अधिकृतले प्रतिवेदन पेश गरेको देखिन्छ।

निवेदक माधवराज घिमिरे उपर दायर भएका तीनवटै ठगी मुद्दामा प्रतिवादीका नाममा जारी भएको म्याद मिति २०६३/९/१४ मा तामेल भई आएको भनी काठमाडौं जिल्ला अदालतले मुद्दा तामेलीबाट जगाई मिति २०६५/१०/२३ मा फैसला गरेको पाईन्छ। फौ.नं. १५८७ र १५८८ मा तामेली म्याद मिसिल संलग्न भएको हुँदा उक्त मुद्दाका हकमा निवेदकले सुनुवाईको मौका प्राप्त नगरेको भन्न मिलेन। फौ. नं. १५८६ को मुद्दामा तामेली म्याद मिसिल संलग्न नदेखिनुका साथै म्याद तामेल भई अदालतमा फिर्ता प्राप्त भएको एकिन समेत हुन सकेको छैन। प्रतिवादीका नाममा जारी भएको म्याद एकपटक वेपत्ते तामेल भई पुनः म्याद जारी गर्ने आदेश भएको र सोही कारणले मुद्दा तामेलीमा राखी पुनः म्याद जारी गरेको अवस्थामा उक्त म्याद रितपूर्वक तामेल भएको एकिन हुनुपर्ने हुन्छ। सोको लागि तामेली म्याद मिसिल संलग्न हुनुपर्ने वा तामेल्दारको प्रतिवेदन अदालतमा दर्ता भएको देखिनुपर्ने हुन्छ। तामेली प्रति, तामेल्दारको प्रतिवेदन

मिसिल संलग्न नहुनुका साथै म्याद तामेल गरी तामेली म्याद सहितको प्रतिवेदन अदालतमा फिर्ता भएको तथ्य म्याद दर्ता रजिष्ट्रबाट समेत एकिन हुन नसकेको अवस्थामा म्याद रितपूर्वक तामेल भएको निष्कर्षमा पुग्न मिल्दैन।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ मा न्याय सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी धारा २४ को उपधारा (८) मा "***प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ***" भन्ने व्यवस्था रहेको छ। त्यसैगरी सोही धाराको उपधारा (९) मा "***कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ***" भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थालाई वर्तमान नेपालको संविधानको धारा २० मा समेत व्यवस्था गरी स्वच्छ सुनुवाईको हकलाई न्याय सम्बन्धी हकको अभिन्न अंगको रुपमा महत्व दिएको पाईन्छ। स्वच्छ सुनुवाईको हकका सम्बन्धमा International Covenant on Civil and Political Rights, 1966 (नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६) को धारा १४(३) मा प्रत्येक व्यक्तिलाई निज विरुद्वको फौजदारी अभियोगका सम्बन्धमा प्रत्याभूत हुने अधिकारको व्यवस्था गर्दै खण्ड (क) मा "**To be informed promptly and in detail in a language which he understands of the nature and cause of the charge against him"** अर्थात "***आँफू विरुद्वको अभियोगको प्रकृति तथा कारणको आँफूले बुझ्ने भाषामा तुरुन्त र विस्तृत रुपमा जानकारी पाउने***" हक हुने भन्ने समेतका स्वच्छ सुनुवाईको हक सम्बन्धी विभिन्न व्यवस्था भएको पाईन्छ।

उक्त अनुवन्धको यस व्यवस्थाको आधिकारिक व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्रसंघिय मानव अधिकार समितिको उन्नाइसौं बैठकले General Comment No. 32 (9-27 July, 2007) जारी गर्दै आफू विरूद्धको अभियोगको प्रकृती तथा कारण थाहा पाउनु फौजदारी कार्यविधिको पहिलो र न्यूनतम अधिकार हो (The first of the minimum guarantees of the criminal proceedings) भनेको छ। समितिको उक्त टिप्पणीमा कुनै पनि व्यक्तिका विरूद्ध फौजदारी अभियोग दायर भएमा मुलुकको प्रचलित कानून (Domestic Law) बमोजिम यथासक्य छिटो सम्बन्धित व्यक्तिलाई निज उपर लगाईएको आरोप र सो सम्बन्धी कानूनी व्वस्थाको सूचना दिनु पर्ने उल्लेख छ। समितिको उक्त व्याख्यामा आरोपित व्यक्तिको अनुपस्थितिमा गरिएको सुनवाईमा समेत निजलाई सूचना दिन हरसम्भव प्रयास गरेको हुनु पर्ने (In the case of trial in absentia, Article 14, paragraph 3(9)

requires that; notwithstanding the absence of the accused, all due steps have been taken to inform accused persons of the charges and to notify them of the proceedings. Communication No. 16/1977 Mbenge V. Zaire Para 14.1) उल्लेख छ ।

यस अदालतले व्यक्तिका मानव अधिकार तथा मौलिक हक संरक्षण गर्ने सवालमा दर्जनौ मुद्दाहरूमा मानव अधिकारसम्बन्धी विभिन्न अन्तराष्ट्रिय अनुवन्ध तथा अन्य दस्तावेजहरूको आधारमा राज्यको दायित्व सिर्जना हुने भनी व्याख्या गरिसकेको परिप्रेक्ष्यमा फौज्दारी न्याय सम्बन्धमा नेपाल कानूनको व्याख्या समेत ICCPR को धारा १४ अनुकूल हुनुपर्ने विषयमा यस इजलासको दृष्टिकोण अन्यथा हुनु पर्ने कुनै युक्तियुक्त आधार देखिंदैन। ICCPR मा नेपालले हस्ताक्षर गरी अनुमोदनसमेत गरेको हुँदा सम्बन्धित व्यक्तिलाई सूचना र सुनुवाईको पर्याप्त अवसर नदिई गरिएको कुनै पनि फौज्दारी कारवाही फौज्दारी न्याय सम्बन्धी विश्वव्यापी सिद्धान्त तथा यसै अदालतले यस पूर्व विभिन्न मुद्दाहरूमा कायम गरेको नेपाल सन्धी ऐन, २०४७ को दफा ९ अनुसार अन्तर्राष्ट्रिय कानूनबाट पक्ष राष्ट्रमा सिर्जना हुने दायित्व सम्बन्धी सिद्धान्तको समेत प्रतिकूल हुने भएकाले आफू विरूद्धको फौज्दारी अभियोग सम्बन्धी सूचना नै प्राप्त नगरेको कारवाही प्रक्रियाका आधारमा व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् हुने गरी भएको निर्णयलाई यस अदालतले कुनै पनि आधार र अवस्थामा स्वीकार गर्न सक्ने अवस्था देखिएन।

फौजदारी कसूरको आरोप लागेको व्यक्तिलाई निजको विरूद्ध भएको प्रत्येक कानूनी कारवाहीको जानकारी पाउने हक निर्विवाद हक हो। यो हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहेको छ। कुनै अपराधको अभियोग लागेको व्यक्तिलाई निज विरूद्धको अभियोगको बारेमा कुनै जानकारी नै नदिई, निजको कुरा नै नसुनी वा निर्दोषिताको प्रमाण नै नबुझी एकतर्फी रूपमा कसूरदार ठहर गरी फैसला गर्ने कार्य स्वच्छ न्यायमा आधारित नहुनुका साथै प्राकृतिक न्यायको सिद्धान्त समेतको प्रतिकूल हुन्छ। फैसला गर्ने कार्य मात्र न्यायको पूर्णता होइन। फैसला गर्नु पूर्व अनिवार्य रूपमा अपनाउनु पर्ने न्यायिक कार्यविधिको अवलम्बलन पनि न्यायको सुनिश्चितताका लागि त्यत्तिकै आवश्यक र अपहरिहार्य छ। न्याय गरेर मात्र हुँदैन न्याय गरेको पनि देखिनु पर्दछ (Justice should not only to be done, it should manifestly shown to be done) भन्ने कमल ल प्रणालिको आधारभूत मान्यता पनि सुनुवाईको अवसर दिनुपर्छ भन्नेमा नै रहेको

छ। फौजदारी मुद्दामा आरोपित व्यक्तिका विरूद्ध लागेको आरोपका बारेमा यथासक्य छिटो र स्पष्ट रूपमा सूचना दिनु, आरोपित व्यक्तिलाई आफ्नो कुरा भन्ने उचित र पर्याप्त अवसर प्रदान गर्नु, कानून व्यवसायी मार्फत सुनुवाई वा प्रतिवाद गर्न चाहेमा सो अवसरको सुनिश्चतता गर्नु जस्ता कार्यविधिको अवलम्बन गरेर मात्र निर्णय गर्नुपर्ने हुन्छ। प्रशासकीय कानूनका विद्वान् लेखक HWR Wade ले अनिवार्य रूपमा पालना गर्नुपर्ने यस्ता कार्यविधिगत प्रक्रियालाई अमेरिकी संविधानमा प्रयुक्त due process of law सँग तुलना गरेका छन् (Administrative law ELBS, Oxford University press, Fifth Edition, 1982 p.413, 441)। Wade ले आफ्नो पुस्तकमा प्राकृतिक न्यायको सिद्धान्तको व्याख्या गर्दै सूचना र सुनुवाईको पर्याप्त अवसर नदिई गरिने निर्णय "प्राकृतिक" हुन नसक्ने (Justice is far from being a "natural") भन्ने मार्मिक र माननीय धारणा राखेका छन्। **Wade** ले यसरी दिइने सूचना (Notice) औपचारिकता मात्र नभई त्यो सूचना वास्तविक रूपमा सम्बन्धित व्यक्तिले पाउने हुनुपर्नेमा जोड दिएका छन्। वास्तविक रूपमा सूचना प्राप्त गरेको तथ्य स्थापति हुनका लागि उक्त सूचनामा आरोपित व्यक्तिले आफू उपस्थित हुनुपर्ने स्थान (Place), समय (Time), आरोपको प्रकृति (Nature), कानूनी अख्तियारी (Legal authority) र अभियोग दावी (Special charge or allegation) स्पष्ट रूपमा बुझ्न सक्ने गरी सूचना दिनुपर्छ। यस बाहेक स्वच्छ सुनुवाइको प्रत्याभूतिका लागि आफ्नो भनाई र प्रमाण प्रस्तुत गर्ने पर्याप्त (Sufficient) अवसर दिनुपर्ने, प्रतिकूल प्रमाण देखाउने (Disclosure), एवं खण्डन वा जिरह (Rebute to the adverse evidence) गर्ने तथा कानून व्यवसायीद्वारा प्रतिनिधित्व गर्न पाउने अधिकार समेत सुनिश्चित गरिनु पर्दछ।

वास्तवमा न्याय प्रकृति जस्तै स्वच्छ, निष्पक्ष र तटस्थ हुनुपर्छ भन्ने Wade को धारणा प्रस्तुत मुद्दामा समेत प्रासङ्गिक छ। आफ्नो विरुद्ध लागेका आरोपको बारेमा सूचना नै प्राप्त नभएको अवस्थामा गरिएको न्याय Wade ले भने जस्तो स्वच्छ, निष्पक्ष र तटस्थ नहुन सक्नेतर्फ सजग रहन आवश्यक हुन्छ। बेलायतमा अठारौं शताब्दीको Bentley's Case बाट R.V. University of Cambridge (1723, 1 str.557) को मुद्दामा न्यायाधीश Fortescue ले वाइवलको कथाको सन्दर्भ (Adam and Eva) उल्लेख गर्दै आफ्नो भनाई राख्ने अवसर नदिई ईश्वरले पनि कसैलाई सजाय गर्न सक्दैन भनी उल्लेख गरेको फैसला आज पर्यन्त विश्वका अधिकांश क्षेत्राधिकारका विधिशास्त्रको विकासको लागि महत्वपूर्ण सन्दर्भ सामग्री बनेको छ। वास्तवमा न्यायिक वा अर्ध न्यायिक निकायले कारवाहीको

सूचना दिनुपर्ने जस्तो अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधी पालना नगरी कुनै काम कारवाही वा निर्णय गरेमा त्यस्ता निर्णयलाई उच्चतम अदालतले न्यायिक पुनरावलोकन मार्फत बदर गर्ने गरेको बेलायती न्यायिक प्रणालीको अभ्यास O.Hood philips ले आफ्नो पुस्तक Constitution and Administrative Law (6th ed. Sweet and Maxwell Ltd. London, 178) मा उल्लेख गरेका छन्। वस्तुतः न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णयमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लंघन (Breach of Principles of natural justice) विद्यमान रहेको पाइएमा त्यस्तो निर्णय स्वच्छ रूपमा भएको मान्न मिल्दैन। आफू विरूद्ध लागेको अभियोगका बारेमा सूचना प्राप्त गर्नु स्वच्छ सुनुवाईको अपरिहार्य तत्व (Sine qua non) हो।

सुनुवाईको मौका भनेको प्राकृतिक न्यायको आधारभूत विधिशास्त्रीय सिद्धान्त हो। जसमा जुन व्यक्तिको हक हितको प्रतिकूल कारवाही वा निर्णय गर्न लागिएको हो निज उपर आरोपित विषयमा उसको कुरा सुन्नु (audi alteram Partem) तथा निजलाई आफ्नो प्रतिरक्षा गर्न मनासिव अवसर दिइनु पर्दछ। मुद्दाका पक्षलाई न्यायिक कारवाहीमा संलग्न हुने मौका प्रदान गरी कार्यविधिगत सुरक्षा प्रदान गर्नु नै सुनुवाईको सिद्धान्को मूलभूत उद्देश्य हो। यसरी प्राकृतिक न्यायको सिद्धान्त औपचारिकता मात्र आधारित सिद्धान्त नभई सारवान न्याय प्रदान गर्ने सार्थक नियम हो। न्यायको वस्तु तत्वको प्राप्तिमा सघाउ पुऱ्याउनु नै यसको ठोस उद्देश्य हो। आफू विरूद्धको आरोप बारे यथार्थ भै जानकारी प्राप्त नगरेको अबस्थामा कुनै प्राविधिक वा यान्त्रिक व्याख्याबाट प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भएका काम कारवाही स्वीकार्य हुन सक्दैनन्।

हाम्रो न्यायिक अभ्यासमा स्वच्छ सुनुवाईलाई न्यायको आधारभूत तत्वको रूपमा स्वीकार गरिदै आएको पाइन्छ। यसै सन्दर्भमा सर्वोच्च अदालतबाट रामबहादुर हमाल विरूद्ध कारागार व्यवस्थापन विभाग समेत भएको परमादेशको निवेदन (ने.का.प. २०६७, साउन, निर्णय नं. ८३४५ पृष्ठ ५७४) मा "फौज्दारी अपराधको आरोप लागेको व्यक्तिलाई निजको विरूद्ध भएको प्रत्येक कानूनी कारवाहीको जानकारी पाउने हक हुने" भनी सिद्धान्त प्रतिपादन भएको छ। प्रेमबहादुर विश्वकर्मा विरूद्ध भीमबहादुर खत्री क्षेत्री भएको लेनदेन मुद्दा (ने.का.प. २०५६, अंक ७, निर्णय नं. ६७५०, पृष्ठ ५१४ पूर्ण इजलास) मा "प्राकृतिक न्यायको सिद्धान्त अनुसार पनि मुद्दाका पक्षले आफ्नो कुरा अदालत समक्ष राख्न पाउनु पर्छ र आफ्नो विरूद्धमा लाग्ने प्रमाणका सम्बन्धमा जानकारी

पाउने अधिकार मुद्दाका पक्षलाई हुने" भनी सिद्धान्त प्रतिपादन भएको छ। मानसिंह लामा विरूद्ध पुनरावेदन अदालत पाटन समेत भएको उत्प्रेषणको रिट (ने.का.प. २०६५, अंक ५, निर्णय नं. ७९७०, पृष्ठ ६३८) मा "कानूनले पर्याप्त आधार र कारण खोली स्पष्ट शब्दमा सुनुवाईको मौका प्रदान गर्नुपर्ने कुरालाई बाहेक (Exclude) नगरेसम्म कारणीलाई खोजतलास गरी सुनुवाईको मौका प्रदान नगरी गरेको कुनै पनि कार्यले न्यायिक मान्यता प्राप्त गर्न नसक्ने" भनी सिद्धान्त प्रतिपादन भएको छ। यसका साथै मोहन लक्ष्मी मास्के विरूद्ध अर्थ मन्त्रालय समेत भएको उत्प्रेषणको रिट (ने.का.प. २०६७, निर्णय नं. ८२९४, बैशाख पृष्ठ ६०), राजेशकुमार साह विरूद्ध पुनरावेदन अदालत जनकपुर समेत भएको उत्प्रेषणयुक्त परमादेशको रिट (ने.का.प. २०६८ चैत्र, निर्णय नं. ८७२७, पृष्ठ १९७४) मा प्राकृतिक न्यायको सिद्धान्त अनुरूप मुद्दाका पक्षलाई सुनुवाईको अवसर अनिवार्य रुपमा प्रदान गर्नुपर्ने भनी भएको व्याख्या प्रस्तुत रिट निवेदनमा समेत सान्दर्भिक रहेको छ।

प्रस्तुत विवादमा निवेदक माधवराज घिमिरे उपर काठमाडौं जिल्ला अदालतमा दायर भएको फौ.नं. १५८६ को ठगी मुद्दामा प्रतिवादी रहेका यी निवेदकका नाममा म्याद तामेल भएको नदेखिँदा निजलाई प्राकृतिक न्यायको सिद्वान्त अनुरुप सुनुवाईको उचित मौका प्रदान भएको मान्न मिलेन। निवेदकलाई निज उपरको कसुरका सम्बन्धमा जानकारी सहितको सूचना म्याद तामेल नै नगरी प्राकृतिक न्यायको सिद्वान्त प्रतिकूल एकतर्फि रुपमा प्रमाण बुझि कैद तथा जरिवाना ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६५/१०/२३ मा फैसला भएको देखियो। प्राकृतिक न्यायको सिद्वान्त प्रतिकूल सुनुवाईको मौका नै प्रदान नगरी कैद र जरिवाना हुने ठहर गरेको फैसला र सो फैसला कार्यान्वयनको क्रममा निवेदक माधवराज घिमिरेलाई कैदमा राख्न पठाएको कार्य समेत कानुन सम्मत नदेखिँदा फौ.नं. १५८६ को हकमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५/१०/२३ मा भएको फैसला र सो फैसला कार्यान्वयनका काम कारवाहीहरु उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। साथै प्रतिवादीलाई उक्त फौ.नं. १५८६ को ठगी मुद्दाको सम्बन्धमा रितपूर्वक सूचना दिई सुनुवाईमा सहभागी गराउनु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाममा परमादेश समेत जारी हुने ठहर्छ।

तर यस वृहद् पूर्ण इजलासमा रहनु भएका सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ, माननीय न्यायाधीश श्री सुशीला कार्की, माननीय न्यायाधीश श्री दीपकराज

जोशी र माननीय न्यायाधीश गोविन्दकुमार उपाध्याय मेरो उल्लेखित रायसंग सहमत हुन नसकी रिट निवेदन खारेज गर्ने निष्कर्षमा पुग्नु भएकोले वहाँहरुको राय नै बहुमतको राय भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (४) बमोजिम गर्नु। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु।

न्यायाधीश

इति सम्बत २०७२ साल माघ १५ गते रोज ६ शुभम्......................................।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः रमेश आचार्य